# सभापोखरीगाउँपालिका
## प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७६

**प्रस्तावना**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४बमोजिमस्थानीय तहलाई तोकिएकोअधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिमसभापोखरीगाउँपालिकाको कार्यपालिका बैठकले गाउँसभाबाट अनुमोदन हुने गरी यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम **सभापोखरीगाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६** रहेको छ

(२) यो ऐन सभापोखरीगाउँपालिका क्षेत्रभित्र तुरून्त लागू हुनेछ ।

२. **परिभाषा :**

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **ऐन**भन्नाले सभापोखरीगाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६सम्झनु पर्छ ।

(ख) **कार्यपालिका**भन्नाले सभापोखरीगाउँ कार्यपालिकासम्झनु पर्छ

(ग) गाउँपालिकाभन्नाले सभापोखरीगाउँपालिका सम्झनु पर्छ ।

(घ) **सभा** भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभासम्झनु पर्छ ।

(च) **संविधान** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार :**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधिनियमित गर्नको निमित्त सभापोखरीगाउँकार्यपालिकालेआवश्यक नियम बनाउन सक्नेछ ।



(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकारभित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः**

(१) संविधान, ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमावलीको अधिनमा रही सभापोखरीगाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागूगर्न सक्नेछ ।

-ooo-



स्थानीय राजपत्र
स्थानीय राजपत्र